**आदरणीय यस गाउँसभाका अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्य ज्यूहरु, सभाका सचिव, कर्मचारीहरु, संचारकर्मी तथा विजयनगरबासी सम्पुर्ण आमावुवा, दाजुभाई तथा दिदि बहिनीहरुः**

१. विजयनगर गाउँपालिकाको उपाध्यक्षको हैसियतले दोस्रो गाउँसभाको पाँचौ अधिवेशनको यस गरिमामय बैठकमा आ.व.२०८१।०८२ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि पटक-पटक भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिद प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । लोकतन्त्र, सामाजिक न्याय र सुशासन प्राप्तिका लागी आन्दोलनको अगुवाइ गर्नुहुने सबैप्रति उच्च सम्मान सहित स्मरण गर्दछु ।

## आदरणीय सभाध्यक्ष महोदय,

३. हाम्रो गाउँपालिका विभिन्न जातजाति, भाषा, धर्म एवं सांस्कृतिक विविधताको पर्यायको रुपमा रहेको छ । हाम्रो जनसांख्यिक लाभलाई उपलब्ध ताल-तलैया, वनपैदवार तथा नदिजन्य पदार्थको उचित संरक्षण एवं संवर्द्धन गर्दै तिनको महत्तम सदुपयोग एवं परिचालन मार्फत् **कृषि, पर्यावरण, पर्यटन र पूर्वाधारः समृद्ध विजयनगरको आधार**को दीर्घकालिन सोँच हासिल गर्न सम्पूर्ण प्रयास केन्द्रित गर्ने संकल्पका लागि सम्पूर्णलाई हार्दिक आव्हान गर्दछु ।

४. संघीय प्रणालीको मर्मानुसार सक्षम, स्रोत साधन सम्पन्न, संस्थागत एवं सवल स्थानीय सरकार निर्माण गर्ने कुरामा तमाम चुनौतिहरु विद्यमान छन् । मुलुकको अर्थतन्त्रमा देखिएको समस्या र संकुचनले गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट पूर्वानुमान र प्रतिवद्धता बमोजिमका अनुदान प्राप्त हुन नसकेको र गाउँपालिकाको आन्तरिक राजश्व पनि लक्ष्य बमोजिम संकलन नभएको कारणले आ.व.२०७९।०८० को बजेट कार्यान्वयनको समयमा सिर्जित असन्तुलन तथा असहज अवस्थाको निरन्तरता चालु आ.व. २०८०।०८१ को बजेट कार्यान्वयनको क्रममा समेत देखिएकोले यसको प्रभाव आगामी आ.व. २०८१।०८२ को वार्षिक बजेट निर्माणमा समेत पर्ने निश्चित छ ।

५. आगामी बजेट पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार, शैक्षिक पहुँच विस्तार, हरियाली प्रवर्द्धन मार्फत वातावरण संरक्षण, कृषि तथा पशुपालन क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि मार्फत् रोजगारी सिर्जना एवं सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित रहने छ ।

**अध्यक्ष महोदय**

६. अव म आ.व. २०८०।०८१ को बजेट कार्यान्वयनका क्रममा अनुभुत गरिएका मुख्य समस्या र चुनौतीहरु प्रस्तुत गर्दछुः

क. विश्वव्यापी रुपमा आएको आर्थिक मन्दिको निरन्तरता सँगै संघीय सरकार तथा प्रदेश सरकारबाट प्रतिवद्धता बमोजिमको समानीकरण अनुदान प्राप्त नहुनुका साथै लक्षित राजश्व संकलन नहुँदा सम्पन्न योजना तथा कार्यक्रमको समेत समयमा भुक्तानी दिन कठिनाई भएको छ ।

ख. बजेट विनियोजन भई कार्यान्वयनको क्रममा रहेका कतिपय योजनाको जग्गा विवाद लगायतका कारणबाट समयमै योजना कार्यान्वयनमा अवरोध भैरहेको छ ।

ग. भुक्तानी बाँकी दायित्व धेरै हुँदा अत्यावश्यक योजनाका लागि समेत बजेटको सुनिश्चितता गर्न असहजता छ ।

घ. आयको अनुमान वस्तुगत नहुँदा खर्च व्यवस्थापनमा कठिनाई भएको छ ।

ङ. कतिपय अनुत्पादक खर्च शिर्षकहरुमा बजेट विनियोजन हुँदा उपलब्धि मापन गर्न सकिएको छैन । यसले बजेटको आकार समेत बढाएको छ ।

च. समपूरक र साझेदारी प्रकृतिका योजनाहरुमा संघ, प्रदेश र साझेदारी गर्ने अन्य निकायबिच बुझाईमा एकरुपता नहुँदा सम्पन्न योजनाहरुको समयमै भुक्तानी दिन सकिएको छैन ।

**अध्यक्ष महोदय**,

७. माथि उल्लेखित वित्तिय अवस्था, समस्या र चुनौतिका बिच आर्थिक वर्ष २०८१।०८२ को बजेट निर्माणका आधारहरु यस प्रकार छन्:

क. नेपालको संविधान,

ख. संघ, प्रदेश र विजयनगर गाउँपालिकाको आवधिक योजना,

ग. स्थानीय सरकार संचालन ऐन,२०७४,

घ. दिगो विकासका लक्ष्यहरु, २०१६-२०३०

ङ. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८,

च. संघीय र प्रदेश सरकारबाट विनियोजित आ.व. २०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट,

छ. नीति कार्यक्रम सम्बन्धी स्थानीय स्तरमा भएको छलफल, सामाजिक सञ्जाल, ईमेल आदिबाट प्राप्त सुझाव तथा विजयनगरवासी जनताको आवश्यकता र अपेक्षा,

**अध्यक्ष महोदय**,

८. आ.व. २०८१।०८२ को नीति, कार्यक्रम तथा बजेटका मुख्य उद्देश्यहरु प्रस्तुत गर्दछु ।

क. गुणस्तरीय सडक पूर्वाधार विस्तार तथा दीगोपना मार्फत जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्ने,

ख. सामाजिक विकासका क्षेत्रमा सुधार गरी मानव विकास सूचकाङ्कमा सकारात्मक परिवर्तन ल्याउने,

ग. कृषि तथा पशुपालन क्षेत्रमा लगानी मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वःरोजगारी सिर्जना गर्ने,

घ. विकास, सुशासन र सामाजिक न्याय कायम गर्न सवै प्रकारका सेवाहरुलाई जनमैत्री, प्रविधिमैत्री एवं सहभागितामूलक बनाई स्थानीय सरकार प्रतिको अपनत्व बृद्धि गर्ने ।

**अध्यक्ष महोदय**,

९. माथिका उद्देश्यहरु हासिल गर्न आ.व. २०८१।०८२ को बजेटका निम्न प्राथामिकताहरु तय गरेको छु ।

क. दिगो पूर्वाधार विकास,

ख. शिक्षा, स्वास्थ्य र सामाजिक समावेशिकरण,

ग. कृषि, पशुपालन र मत्स्यपालन मार्फत् जीवनस्तरमा सुधार एवं रोजगारी सिर्जना,

घ. हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण,

ङ. सरसफाई, स्वच्छता तथा मौलिकताको संरक्षण ।

**सभा अध्यक्ष महोदय**,

१०. *अव म क्षेत्रगत रुपमा नीति, कार्यक्रम र त्यसलाई कार्यान्विय गर्ने बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छुः*

***आयतर्फः-***

संघ, प्रदेश र स्थानीय तहको आन्तरिक स्रोत समेतबाट कुल रु. ६४ करोड २५ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

**व्ययतर्फः-**

संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरु तोकिएअनुसार नै कार्यान्वयन हुने र समानीकरण अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँडबाट र आन्तरिक स्रोतबाट प्राप्त हुने रकम चालु तथा पूँजिगत शिर्षकका विभिन्न योजना तथा कार्यक्रममा खर्च हुनेगरी कूल रु. ६४ करोड २५ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ । आय र व्यय सम्वन्धी संक्षिप्त विवरण अनुसूचि १ र २ मा उल्लेख गरिएको छ ।

## १. आर्थिक विकास :

**क) कृषि क्षेत्र** :

१. गाउँपालिका र संघीय कृषि मन्त्रालय मार्फत वैदेशिक सहयोग सँगको सहकार्यमा निर्वाहमुखी र परम्परागत कृषि प्रणालीलाई व्यवसायिक तथा आधुनिक प्रणालीमा रुपान्तरणका लागि कृषकहरुलाई आवश्यक ज्ञान, सीप तथा यान्त्रिकरण एवं सिंचाईमा जोड दिई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ,

२. रासायनिक मलको प्रयोगलाई व्यावस्थित गर्न प्राङ्गारिक तथा हरियो मललाई विशेष जोड दिदै माटोको उर्वराशक्ति कायम राख्नको लागि माटो परीक्षण गरी प्राविधिकको सिफारिस अनुसार मल तथा बिउ प्रयोग गर्ने व्यवस्था मिलाइने छ,

३. नेपालमा सूचीकृत तथा पञ्जिकरण भएका उन्नत तथा हाइब्रिड जातका बीउहरु तत्काल कृषकको खेत बारीमा पुऱ्याउन अनुदानको व्यवस्था गरिनेछ,

४. वडा नं. १ र २ मा संचालित मकै मिसन कार्यक्रमलाई थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछ,

५. रासायनिक मलको प्रयोग बढीरहेको अवस्था र मलको उपलब्धतामा समेत समस्या भइरहेको सन्दर्भमा टोल विकास संस्था मार्फत् प्राङ्गारिक मल प्रवर्द्धन कार्यको सुरुवात गरिने छ,

६. रोगरहित आलु वालीको बीउ उत्पादनका लागी बियाँबाट वीउ उत्पादन कार्यक्रमलाई नमूनाको रुपमा सुरुवात गरिनेछ,

७. व्यवसायिक रुपमा च्याउ खेती गर्ने कृषकहरुलाई प्रवर्द्धन गरी स्वरोजगारी सिर्जना गर्न थप व्यवस्थित गरिनेछ,

८. माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाबाट रु. १४ लाख ५० हजार विनियोजन गरिएको छ ।

**(ख) पशुपालनः**

१. विजयनगर गाउँपालिका भित्र व्यवसायिक रुपमा मत्स्यपालन एवं पशुपंक्षी (गाइभैसी, बाख्रा,बंगुर, कुखुरा) पालन गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ,

२. प्राकृतिक तथा कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ,

३. पशुपन्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजिवी लगायतका विभिन्न किसिमका रोगहरुको पहिचानका लागि पशु प्रयोगशाला सञ्चालन तथा सो को उपचारका लागि पशुसेवा शाखाबाट औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ,

४. दुग्धजन्य र मासुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ,

५. उल्लेखित नीति तथा कार्यक्रम सञ्चालनका लागी रु. २७ लाख ७० हजार विनियोजन गरिएको छ ।

**(ग) पर्यटन/संस्कृतीः**

१. गाउँपालिकाको पहिचान र सम्भावनाको रुपमा रहेको **"शंकरपुर तालको"** बृहत्तर विकासको लागि निर्मित गुरुयोजनाको प्रभावकारी कार्यान्वयन मार्फत् काललाई कपिलवस्तु जिल्लाको पश्चिम क्षेत्रको पर्यटकीय गन्तव्य तथा वनभोज स्थलको रुपमा विकास गर्नेगरी आ.व. २०८१।०८२ भित्रै निर्माण कार्यको थालनी गरिनेछ,

२. गाउँपालिका भित्र बसोबास गर्ने आदिवासी जनजातीको भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्वर्द्धन एवं प्रचारप्रसार मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ,

३. थारु संग्रहालय, होमस्टे लगायतका पर्यटकीय संरचनाहरुको रचनात्मक एवं कलात्मक ढंगले निर्माण कार्य सम्पन्न गरी गाउँपालिकाको पहिचानको रुपमा विकास गरिनेछ,

४. वडा नं. ५ अन्तर्गतको देविपुर गाउँलाई एकिकृत नमूना बस्तिको रुपमा विकास गर्न लुम्बिनी प्रदेश सरकारसँग सहकार्य गरिनेछ,

५. यसका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ ।

**(घ) भूमि व्यवस्था तथा सहकारीः**

१. साविकमा विभिन्न भूमिसम्बन्धी समस्या समाधान आयोग, समिति र कार्यदलबाट अघि बढाइएका तथा हाल नयाँ तर्फ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्वन्धी समस्या समाधानका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल एवं समन्वय गरिनेछ,

२. देशव्यापी रुपमा सहकारी क्षेत्रमा देखिएका समस्याहरुतर्फ सचेत रहँदै गाउँपालिका भित्र सञ्चालित सहकारीहरुलाई व्यवस्थित गर्न अनुगमन एवं नियमनका लागि COPOMIS प्रणालीमा आवद्ध गर्नुका साथै औचित्यको आधारमा सहकारी एकिकरणलाई प्रोत्साहन गरिनेछ,

३. सहकारी संस्थाहरुको क्षमता विकास गर्न संस्थाका अध्यक्ष तथा व्यवस्थापकहरुका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ,

४. सहकारी क्षेत्रको व्यवस्थापनका लागि एक मुष्ठ रु. ५ लाख विनियोजन गरिएको छ।

**१. सामाजिक विकास तर्फः**

**क. स्वास्थ्य तर्फः**

१. गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत रहेको १५ शैयाको आधारभूत अस्पताललाई विशेषज्ञ सेवा सहित संचालन गरी स्वास्थ्य विमाको रिफरल सेन्टरको रुपमा विकास गर्नका लागि रु. १ करोड विनियोजन गरिएको छ,

२. ज्येष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य सेवा संचालन, बाल स्वास्थ्य, पोषण, मातृ शिशु तथा किशोर-किशोरी, एवं अपाङ्गता भएका व्यक्तिको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिने छ,

३. स्वास्थ्य संस्थाहरुको खानेपानी सरसफाईमा जोड दिँदै हाल संचालनमा रहेका वार्थिङ सेन्टर, प्रयोगशाला तथा कोलचेन सेन्टरलाई स्तरीकृत गर्दै लगिनेछ,

४. स्वास्थ्य सेवा तर्फका नीतिहरु कार्यान्वयन गर्न सशर्त अनुदान बाहेक ६३ लाख ९३ हजार बजेट विनियोजन गरिएको छ। जसबाट स्वास्थ्य क्षेत्रका सूचकहरु उल्लेख्य सुधार हुनेछ।

**ख. आयुर्वेद तर्फः**

१. विद्यालय लक्षित आयुर्वेद, आयुर्वेदिक आहार विहार तथा जीवनशैली र स्वच्छताको जागरण सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ,

२. आयुर्वेद सेवा नपुगेका वडाहरुमा गाँउघर क्लिनिक सेवा विस्तार गरिनेछ,

३. मातृशिशु सुरक्षाको लागि महिला स्वंयसेविकालाई सेवासँग सम्बन्धित तालिमहरु संचालन गरिने छ,

४. विश्वव्यापी रुपमा विकराल रुप लिँदै गरेका नसर्ने रोगहरुको दिर्घकालिन व्यवस्थापनको लागी आयुर्वेद औषधालयबाट स्वस्थ जिवनशैली तथा योग ध्यान सँग सम्वन्धित सेवाहरुको प्रवाह सहित नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ,

५. स्वस्थ, सुरक्षित, वातावरणमैत्री भान्सा सुनिश्चित गर्न गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम सञ्चालन गरिनेछ,

६. आयुर्वेद सेवा तर्फका कार्यक्रम सञ्चालन गर्न १० लाख ५० हजार विनियोजन गरिएको छ।

**ग. शिक्षा, युवा तथा खेलकुदः**

➢ **शिक्षाः-**

१. माध्यमिक तथा आधारभूत तहका विद्यालयहरुलाई न्यूनतम पूर्वाधारयुक्त तुल्याई सूचना तथा संचार प्रविधिसँग आवद्ध गरी समय सापेक्ष बनाइनेछ,

२. विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातलाई सन्तुलित बनाउन स्वयमसेवक शिक्षकलाई निरन्तरता दिनुका साथै शिक्षक दरबन्दी समायोजन तथा सरुवा प्रणालिलाई थप व्यवस्थीत गरिनेछ,

३. उच्च शिक्षा अध्ययन गर्ने जेहेन्दार विद्यार्थी एवं आर्थिक विपन्नताको कारण शैक्षिक अवसरबाट वञ्चित बालवालिकालाइ विद्यालय शिक्षाको पहुँचमा सुनिश्चितता गर्न छात्रवृत्ती कार्यक्रम सञ्चालन गरिनेछ,

४. विद्यालयको नियमित अनुगमन गर्ने र सो को प्रतिवेदन माषिक रुपमा शिक्षा समिति तथा कार्यपालिका बैठकमा पेश गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाइनेछ,
५. गाउँपालिका अन्तर्गतका प्रत्येक विद्यालयलाई हरित वातावरणयुक्त तुल्याउन एक विद्यालय एक बाल बगैँचा निर्माण कार्यक्रम संचालन गरिनेछ,
६. धार्मिक विद्यालयमा अध्ययन गर्ने छात्रछात्राहरुको लागि सञ्चालित मौलवी कक्षालाई थप स्तरीय बनाउँदै लगिनेछ,
७. शिक्षा क्षेत्रमा गुणात्मक सुधारका लागि २ करोड ४७ लाख ०३ हजार विनियोजन गरिएको छ,

➢ **युवा तथा खेलकुदः-**

१. खेलकुद क्षेत्रलाई विद्यालय तथा वडा स्तरबाट व्यस्थित र योजनावद्ध ढंगले विकास गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी सक्रिय बनाइनेछ,
२. सामुदायिक विद्यालयहरुमा खेलमैदानको निर्माण तथा न्युनतम आवश्यक खेलकुद सामाग्रीको व्यवस्थापन मार्फत विद्यालयलाई खेलकुदमैत्री बनाइनेछ,
३. राष्ट्रपति रनिङ शिल्ड, गाउँपालिका स्तरीय अध्यक्ष कप प्रतियोगिता लगायतका खेलकुद कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ,
४. युवाहरुलाइ सकारात्मक सोच र सुनौलो भविस्यको भावना जागृत गराउन करियर काउन्सिलिङ्ग, नैतिक एवं नागरिक शिक्षा तथा योग ध्यान सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ,
५. यूवाहरुको मागमा आधारित योजना तथा कार्यक्रमहरुका लागि बजेटको अभाव हुन दिइने छैन। खेलकुद विकासका लागी रु. २९ लाख ५० हजार विनियोजन गरीएको छ।

**घ. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणः-</u>**

१. बालविवाह तथा बालश्रममुक्त गाउँपालिका निर्माणका लागि अभियान संचालन गर्दै आगामि मिति २०८४ बैशाख भित्र वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई सार्थक तुल्याउन आ.व. २०८१।०८२ भित्र वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिनेछ,
२. आमा समूह, महिला समूह, एकल महिला, बाल क्लब, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय लगायतको सवलिकरण एवं सशक्तिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ,
३. सामाजिक सुरक्षाको दायरामा पर्ने अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र प्रदान गरी सो को अभिलेखिकरण एवं अद्यावधिकरण गर्नुका साथै खण्डिकृत तथ्यांक निर्माण गरी सोहि आधारमा सहायता सामाग्री वितरण गरिनेछ,
४. लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचविखन तथा जातीय छुवाछूत जस्ता निकृष्ट अमानवीय क्रियाकलापलाई निरुत्साहित गर्न यस्ता कार्यमा संलग्नलाई कानूनको कठघरामा पुऱ्याउन स्थानीय प्रहरीसँगको साझेदारीमा सचेतनामूलक कार्यक्रम सञ्चाल गरिनेछ,
५. यस क्षेत्रका लागि ३६ लाख विनियोजन गरिएको छ।

**ङ. <u>खानेपानी, सरसफाई तथा स्वच्छताः</u>**

१. संघीय र प्रेदश सरकारसँगको सहकार्यमा गाउँपालिका भित्र स्वच्छ पिउने पानीको उपलब्धतालाई क्रमसः सुनिश्चित गर्न एक घर एक धारा कार्यक्रम सञ्चालन गरिनेछ,
२. एक घर एक शौचालयको सुनिश्चितता गर्न आगामि आर्थिक वर्षलाई शौचालय निर्माण अभियान वर्षको रुपमा सञ्चालन गरिनुका साथै शौचालय प्रयोगको सुनिश्चितता गर्न सचेत परिवार परिचयपत्र वितरण कार्यलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ,

३. **सभ्य विजयनगरः भव्य विजयनगर** निर्माण अभियान मार्फत गाउँपालिकाको सरसफाई तथा स्वच्छताको क्षेत्रमा व्यापक सुधार ल्याइनेछ, यी कार्यक्रम संचालन गर्न ५ लाख विनियोजन गरिएको छ।

**च. बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फः**

१. सुनौली १००० दिनका आमाहरुलाई लक्षित गरी पोषण विषेश कार्यक्रम सञ्चालन गरिनेछ,

२. संघीय सशर्त अनुदान कार्यक्रमसँग साझेदारी गरी पोषणको अवस्थामा सुधारका कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

**छ. लघुउद्यम विकासः-**

१. उद्यमी बन्न चाहाने नागरिकलाई आवश्यक सीप, प्रविधि र अनुदान हस्तान्तरण मार्फत उद्यमशिलता प्रवर्द्धन गर्न संघीय सर्शत अनुदान कार्यक्रममा आवश्यक साझेदारी गरिनेछ,

**ज. रोजगार सेवाकेन्द्रः**

१. बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको श्रममूलक रोजगारीको सुनिश्चितताका लागी आयोजनाहरु सञ्चालन गर्न सम्बन्धित वडा र प्रधानमन्त्री रोजगार कार्यक्रमबिच साझेदारी गर्ने नीति लिइनेछ,

२. सुरक्षित वैदेशिक रोजगारीका लागी सुरक्षित आप्रवासन कार्यक्रम गर्न आप्रवासी पार्श्वचित्र (Migration Profile) निर्माण गरिनेछ,

३. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुसँग रहेको ज्ञान सीपहरुको पहिचान गरी सोको प्रयोगबाट स्वरोजगार बनाउन आवश्यक वातावरण निर्माण गर्ने नीति लिइनेछ।

**३. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-**

क. गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीलाई सरल, सहज एवं शीघ्र रुपमा मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरण निर्माणका लागि कार्यालयको सुरु विन्दुमा स्थापित सोधपुछ तथा सहायता कक्षलाई थप व्यवस्थित बनाइनेछ,

ख. गाउँपालिकाबाट सम्पादन हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त एवं समय सापेक्ष बनाउन सूचना प्रविधिमा आधारित बनाइनेछ,

ग. नागरिकहरुको सूचनाको हकलाई सुनिश्चित गर्न गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सम्पादन भए गरेका क्रियाकलापहरुलाई गाउँपालिकाको **Web Site** तथा आधिकारिक Facebook पेजबाट नियमित रुपमा अध्यावधिक गरी पारदर्शिता र सुशासनको प्रवर्द्धन गरिनेछ,

घ. व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता, नक्सा पास, राजस्व प्रशासन जस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय र क्षेत्रको विद्युतीय प्रणालीमार्फत् शीघ्र सेवा प्रवाहको व्यवस्था मिलाउँदै लगिनेछ,

ङ. नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने र सुनुवाइका बखत सेवाग्राही तथा अन्य सरोकारवाला पक्षबाट प्राप्त हुने गुनासोहरुको शिघ्र फछर्यौट गर्ने व्यवस्था मिलाइनेछ,

च. कर्मचारीहरुको समय पालना र अनुशासन कायम गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ,

छ. संस्थागत विकास सेवा प्रवाहका लागि प्रशासनिक खर्च र कार्यालय संचालन खर्चमा अभाव हुन नदिन आवश्यक रकमको व्यवस्था गरेको छु।

**४. योजना तथा पूर्वाधार विकाशः-**

क. साना टुक्रे योजनामा रकम छर्ने प्रवृतिलाई निरुत्साहित गरी सानो लगानिबाट अधिक प्रतिफल प्राप्त हुनसक्ने योजनामा बजेट विनियोजन गर्ने नीति लिइनेछ,

ख. गाउँपालिकाभित्र सञ्चालन हुने योजनाहरुलाई प्राविधिक लागत अनुमान एवं सम्झौतामा तोकिए बमोजिमको समय, परिमाण र गुणस्तरमा सम्पन्न गर्न उपभोक्ता समिति र संलग्न कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ,

ग. विगत वर्षहरुदेखि लागु भइरहेको घर नक्सा पासको व्यवस्थालाई थप व्यवस्थित गर्दै अनिवार्य गरिनेछ। नक्सा पास नगरी बनाएका घरहरुलाई अन्तिम एकपटकका लागि प्रक्रिया पुऱ्याई अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ,

घ. गाउँपालिकाभित्र निर्माण हुने संरचनालाई अपाङ्गमैत्री, वालमैत्री एवं महिलामैत्री बनाउँने कार्यलाई क्रमशः अनिवार्य गर्दै लगिनेछ,

ङ. निर्माण कार्य सम्पन्न भईसकेका सडकहरुको मर्मत संभार कार्यलाई नियमित गर्न सडक मर्मत कोषको व्यवस्था गरि मर्मत संभारको व्यवस्था मिलाइनेछ,

च. आगलागी तथा अन्य प्राकृतिक प्रकोपबाट पिडित भएका तथा गरिबिको रेखामुनी रहेका घरपरिवारलाई **जस्ता पाताको** छानामुनि ल्याउने कार्यलाई निरन्तरता दिइनेछ।

५. **न्यायिकः**

क. सामान्य प्रकृतिका विवादहरुको कारण बढ्दो पारिवारिक तथा सामाजिक विखण्डनलाई न्यूनिकरण गर्न प्रत्येक वडामा स्थापित मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाइनेछ,

ख. न्यायिक समितिमा प्राप्त उजुरीको प्राथमिकताको आधारमा निरुपणको व्यवस्था मिलाउनुका साथै किनारा लागेका उजुरी फाइलहरुको चुस्त अभिलेख व्यवस्थापन गरिनेछ,

ग. न्यायिक निरुपणको शिलसिलामा अनुशासित एवं मर्यादित रुपमा बिवादका पक्ष एवं समितिका सदस्यहरुबिच सरल एवं सहज सम्वाद, साक्षी बकपत्र लगायतका कार्य गर्न न्यायिक समिति इजलासको व्यवस्था गरिनेछ,

घ. अधिकाधिक मात्रामा मेलमिलाप पद्धतिको माध्यमबाट बिवादको निरुपण गर्न मेलमिलापलाई प्रोत्साहित गर्ने श्रव्य-दृष्य सामाग्रीहरुको उपलब्धता सहितको एक गाउँपालिका स्तरीय मेलमिलाप कक्षको स्थापना गरिनेछ,

ङ. मेलमिलाप कार्यलाई थप प्रतिफलमुखि तुल्याउन गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताको पुनर्ताजकी तथा योग्यता पुगेका इच्छुक ब्यक्तिलाई मेलमिलाप सम्वन्धी आधारभूत तालिमको व्यवस्था मिलाइनेछ,

च. न्यायिक निरुपणलाई सरल, शिघ्र तथा अत्यन्तै कम शुल्कमा प्रदान गर्ने व्यवस्था मिलाई यस गाउँपालिकालाई न्यायिक पहुँच युक्त तथा दण्डहिनतामुक्त, शान्तिपूर्ण, सु-संस्कृत गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । न्यायिक समिति व्यवस्थापन तर्फ रु. ५ लाख विनियोजन गरिएको छ।

६. **<u>वातावरण तथा विपद् व्यवस्थापनः-</u>**

क. गाउँपालिकामा रहेका मूख्य चोक तथा सडकहरुको सौन्दर्यीकरण गरिनेछ । स्थानीय वन व्यवस्थापन समिति र नागरीकसँगको सहकार्यमा सडक छेउँछाउ र खाली सार्वजनिक क्षेत्रहरुमा वृक्षरोपण अभियान सञ्चालन मार्फत् **स्वच्छ, सफा र हराभरा विजयनगर** निर्माण गरिनेछ,

ख. नागरीक तथा संघ संस्थाका वार्षिक उत्सव एवं महोत्सव (जन्मोत्सव, विवाहोत्सव, स्थापना दिवस..) हरुमा वृक्षारोपण कार्य गर्न प्रोत्साहित गरिनेछ,

ग. प्राकृतिक तथा मानवीय कारणबाट गाउँपालिकाभित्र हुनसक्ने सम्भावित विपतको व्यवस्थापन गर्न तथा विपदबाट प्रभावित नागरिकहरुलाई राहत तथा उद्धार कार्य गर्न रकमको अभाव हुन दिइनेछैन,

घ. गाउँपालिका भित्र हुने विकास निर्माणका कार्यहरुलाई विपद् संवेदनशिल, जलवायु अनुकुल एवं वातावरण मैत्री बनाइनेछ,

ङ. अग्नि नियन्त्रणका लागि छिमेकी स्थानीय तहसँगको सहकार्यबाट वारुणयन्त्रको उपलब्धताको सुनिश्चितता गरिनेछ,

च. बाढी एवं नदी कटानका दृष्टिले जोखिमयुक्त क्षेत्रको पहिचान गरी आवश्यकता अनुसार तटवन्ध, रिटर्निङ्ग वाल निर्माणका साथै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

छ. उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि रु. १५ लाख विनियोजन गरिएको छ।

७. **राजश्व प्रशासनः-**

क. सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आकार फराकिलो बनाउनुका साथै आर्थिक विकासलाई प्रत्यक्ष सहयोग पुग्ने गरी कर प्रणालिलाई सुदृढ, सवल एवं सक्षम बनाईनेछ,

ख. उपभोक्ता समितिमा बस्ने पदाधिकारीहरुको लागि योजना सम्झौता गर्नु अघि गाउँपालिकामा तिर्नुपर्ने कर, वक्यौता तथा बेरुजु भए सम्झौता पूर्व सो को दाखिला अनिवार्य गरिनेछ,

ग. गाउँपालिकाभित्र दर्ता भई वा नभई सञ्चालित उद्योग व्यवसाय, क्लिनिक एवं अन्य व्यवसायहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता गर्न अभियानकै रुपमा बजार अनुगमन एवं सुपरिवेक्षण गरिनेछ ।

८. **सामाजिक सुरक्षा तथा पञ्जिकरण:**

क. 'क' बर्गका अपाङ्गता भएका व्यक्ति र ९० वर्ष माथीका ज्येष्ठ नागरिक तथा विरामी भई अशक्त भएका लाभग्राहीहरुलाई घरदैलोमै सामाजिक सुरक्षा भत्ता पुऱ्याउने व्यवस्था मिलाइनेछ,

ख. सामाजिक सुरक्षा तथा पञ्जिकरणलाई थप प्रभावकारी बनाउन सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण अभियानलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ,

ग. वार्षिक रुपमा मनाईने घटना दर्ता सप्ताहलाई थप परिणामुखी तुल्याउन आम नागरिकको अर्थपूर्ण सहभागिता हुनेगरी सञ्चालन गरिनेछ,

घ. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढिकरण गर्न र सूचना प्रविधि क्षेत्रमा आम नागरिकको पहुँच सुनिश्चित गर्नको लागी सूचना प्रविधि अधिकृत, एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदका कर्मचारीलाई निरन्तरता दिइनेछ ।

*अन्त्यमा, यो नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वियनबाट यस गाउँपालिकाको विकास र समृद्धिको लागि उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम कार्यान्वियनका लागि सरोकारवाला सबै क्षेत्रबाट आवश्यक सहयोग हुनेछ भन्ने विश्वास लिएको छु । विजयनगर गाउँपालिका सिमित स्रोत साधनबाट असिमित जन अपेक्षा एवं आवश्यकता पुरा गर्ने चुनौतिपूर्ण मार्गमा अघि बढ्दै समग्र गाउँपालिकाको विकास, समृद्धि, सुशासन तथा गरिबी निवारणको क्षेत्रमा अपार सम्भावनाको उजागर गरेको छ । प्रस्तुत निति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा आ-आफ्नो क्षेत्रबाट योगदान एवं सहयोग गर्नुहुने जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नीजि क्षेत्र, सहकारी क्षेत्र तथा संघ सस्था, नागरिक समाज, बुद्धिजिवी, सञ्चारजगत लगायत सम्पूर्ण गाउँपालिकावासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत यसैगरी सहयोग प्राप्त हुने अपेक्षा गर्दछु । धन्यवाद ।।।*

**लक्ष्मी कुमारी चौधरी**
**उपाध्यक्ष**
**मिति २०८१।०३।१० गते, सोमबार**